# बालबालिकाको परिभाषा




बाल मजदुर श्रम ऐन २०४८ अनुसार
१६ वर्ष भन्दा मुनिका साना
बालबालिका भन्ने बुझिन्छ




वयश्क कामदार भन्नाले १४ देखि १८
वर्ष सम्मकालाई बुझिन्छ ।

**नेपालको बालश्रम कानुनबारे बाबु आमालाई जानकारी हुन जरुरी**





BETTER BRICK NEPAL

# राधा र वीरेको कथा

## राधा



राधा ११ वर्षकी केटी हुन् । उनी आफ्नो आमा, बुबा र बाजे, बजैसँग बस्छिन् ।



गाउँमा उनको परिवारको किराना पसल छ र उनको परिवार किसान हुन् ।



आफ्नो गाउँको नजिकैको विद्यालयमा राधा ५ कक्षामा पढ्छिन् ।



राधाको धेरै साथी छन् । फुर्सदको बेलामा उनी साथीहरुसँग खेल्छिन् । उनीलाई बाजे बजैको कथा सुन्न र उनीहरुसँग बाहिर जान पनि मन पराउँछिन् ।

फुर्सदको बेलामा राधाले आफ्नो आमालाई घरायसी काममा मद्दत गर्छिन् ।

विदाको दिनमा उनले पसलमा आउने ग्राहकको हेर विचार गर्छिन् । जब उनका बाबु पसलको लागि सामान किन्न जान्छन् ।




## वीरे

वीरे १२ वर्षको केटा हो । ऊ ईटा उद्योगमा आफ्नो परिवारसँग काम गर्छ ।

वीरेका परिवारले ईटा उद्योगीलाई ऋण तिर्नु छ । यो ऋण चुक्ता गर्न उनीहरु धेरै महिना काम गर्छन् (वर्षमा) विहान देखि बेलुकासम्म उनले लामो समय सम्म काम गर्छन् ।



वीरेको प्राथमिक काम एक ठाउँबाट अर्को ठाउँमा लैजाने हो । कहिले काहीं उसले ४० के.जी.सम्मको भारी बोक्नुपर्छ ।



वीरेको कामको कारण उ विद्यालय पनि जान पाउँदैन न त उ आफ्नो साथीसँग खेल्न पाउछ त्यसैले गर्दा उसको धेरै साथीहरु छैन ।

सिरानीमा टाउको राख्ने वित्तिकै वीरे निदाइहाल्छ किनकी ऊ अत्यन्त थकित हुन्छन् साथै ऊ बिहानै उठिहान्छन्. । एक अर्को व्यस्त दिन काम गर्नको लागि ।

BBN BETTER BRICK NEPAL

# श्रेष्ठ वयश्क कामदार

## दृश्य १

सर, तपाईंको उद्योगमा केही कामदाहरु ल्याएको छु ।

आईतराम ! तर यी सबै कामदार त बालबालिका जस्तै देखिन्छन् कति वर्षका हुन् ?



## दृश्य २

यी सबै कामदारहरु १४ देखि १६ वर्षका छन् गत सिजनमा तपाईंले माग गर्नु भए अनुसार मैंले उनीहरुको जन्म प्रमाण पत्र ल्याएको छु ।



तपाईंले जन्म प्रमाणपत्र ल्याउनुभएकोमा मलाई खुसी लाग्यो । तपाईंलाई थाहैछ कि हाम्रो उद्योगमा १४ वर्ष मुनिका बालबालिकालाई काम लगाउन पाईंदैन । १४ देखि १६ वर्षका वयश्क कामदारलाई काममा लिन सक्छौं । तर निम्नानुसार शर्तहरु पुरा गरेर मात्र :

- भट्टीमा आगो लगाउने, कोइला हाल्ने, कोइला कुट्ने काम नलगाउने ।
- मेसिनमा काम नलगाउने
- दिनमा ६ घण्टा भन्दा बढी काम नलगाउने, रातिको ६ बजे देखि बिहानको ६ बजे सम्म काम नलगाउने ।
- १५ के.जी. भन्दा बढीको भारी नबोकाउने ।
- अतिरिक्त समय काम नगराउने ।
- हप्तामा ६ दिन काम गरेपछि एक दिन विदा दिने ।



## दृश्य ३

**सबै वयश्क कामदारको लागि**

तपाईंलाई यहाँ काम गर्न राम्रो छ । यी सहयोगी उद्यमी हुन् । आशा छ कि तपाईंले यहाँ ध्यानपूर्वक र तत्परता पूर्वक काम गर्नुहुनेछ । आफ्नो कामको दायित्व पूरा गर्नु र आवश्यक परेको खण्डमा यी असल उद्यमीको सहयोग लिनु ।

बधाई छ, तपाईंले आफ्नो उद्योगमा वयश्क कामदारको लागि त्यस्तो मैत्रीपूर्ण वातावरण सृजना गर्नुभएको रहेछ । अन्य उद्योगमा पनि प्रचार गर्नेछु । यस्तो हेर विचार गर्ने कारण के हो नी





१४ वर्ष देखि १६ वर्षका वयश्क कामदारहरु शारिरीक वा मानसिक रुपले पूर्ण विकसित भैसकेका हुँदैनन् । ठूला कामदार जस्तै गरी उनीहरु उत्तिकै तिव्रता र चालमा काम गर्न सक्दैनन् ।

हामीले यो कुराको ख्याल राख्नुपर्छ कि उनीहरुको उमेर अनुसारको उपयुक्त हुने काम मात्र लगाउनु पर्छ ।